फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

## प्रेस विज्ञप्ति

International Labour Organization को सत्रौं Asia Pacific Regional बैठक December ६ देखि ९ सम्म सिंगापुरमा सम्पन्न भयो । यस बैठकमा नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७९।८।२० को निर्णयानुसार नेपालको तर्फबाट Tripartite (त्रिपक्षीय) (सरकार, रोजगारदाता र ट्रेड युनियन) प्रतिनिधिमण्डलको नेतृत्व श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री एकनारायण अर्यालले गर्नुभएको थियो । उक्त प्रतिनिधि मण्डलमा मन्त्रालयका सहसचिव श्री डण्डुराज घिमिरे, उपसचिव श्री विष्णु लामिछाने, रोजगारदाताको तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री रामचन्द्र संघाई र हंसराज पाण्डे, ट्रेड यूनियनको तर्फबाट संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष श्री प्रेमल कुमार खनाल, ट्रेड युनियन महासंघका अध्यक्ष श्री विनोद श्रेष्ठ, नेपाल ट्रेड युनियन कांग्रेसका बरिष्ठ उपाध्यक्ष श्री महेन्द्र प्रसाद यादव, अखिल नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष श्री जगत सिंखडा, पेशागत महासंघका उपाध्यक्ष श्री गंभिरलाल श्रेष्ठ लगायतको सहभागिता थियो ।

सो वैठकमा अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक श्री Gilbert F. Houngbo र Asia Pacific Regional कार्यालयका Chihoko Asadamiyakawa को पनि सहभागिता रहेको थियो भने समग्र कार्यक्रमको अध्यक्षता सिंगापुर सरकारका Minister for Manpower Dr. Tan See. Leng ले गर्नुभएको थियो ।

प्रतिनिधिमण्डलका नेता तथा नेपाल सरकारका सचिव श्री एकनारायण अर्यालले क्षेत्रीय निर्देशकबाट प्रस्तुत भएको Integrated Policy agenda for a Human-Centered recovery that is inclusive sustainable and resilient कार्यपत्र माथि धारणा राख्दै Thematic Plenary Session मा बोल्नुपर्ने यो प्रतिवेदन उपयुक्त समयमा आएको, Covid-19 Pandemic ले विश्वव्यापी आपूर्ति श्रृंखलामा आएको अवरोधबाट सिर्जना भएको चुनौतीलाई राम्ररी समेटेको, नेपालले पनि आर्थिक बृद्धि, आम्दानी वृद्धि, कार्य सुरक्षा, दीगो व्यावसायिक वातावरणमा ठूलो धक्का महसुस गरेको र यसबाट जनसंख्याको एउटा हिंसा जोखिमपूर्ण अवस्थामा बाँच्न पुगेको बताउनु भयो । नेपालले औपचारीकरण सन्दर्भमा Diagnostics Report तयार गरी काम शुरु गरेको, अन्तराष्ट्रिय श्रम संगठनको सिफारिश नं. २०४ मा व्यवस्था भएबमोजिम Integrated Approach बाट Tripartite Consultation को माध्यमबाट राष्ट्रिय कार्ययोजना तयार गरी कार्यन्वयन प्रक्रिया अगाडि बढाएको, भर्खरै वैदेशिक रोजगारीबाट फर्किएका कामदारका सन्दर्भमा उनीहरुको समग्रहीतमा पुनर्एकीकरण कार्यक्रम लागु गरेको, योगदानमा आधारित सामाजिक सुरक्षालाई स्वरोजगार, अनौपचारिक कामदार र वैदेशिक रोजगारमा लागु गर्नेगरी विस्तार गर्न लागिएको,

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेवसाइट: www.moless.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या:-
चलानी:-

व्यावसायिकताको विकास र सीप विकासमा जोड दिइएको, ७५३ बटै स्थानीय तहहरुमा रोजगार केन्द्रमा कार्यरत कर्मचारीको आफ्नो विकासको काम शुरु गर्ने चरणमा रहेको जानकारी गराउनु भएको थियो ।

त्यसैगरी सचिवज्यूबाट वैठकको Thematic plenary session 2, Institutional framework to support transition towards formality and decent work मा Panelist को रुपमा बोल्दै यस विषयमा सोधिएका विभिन्न प्रश्नहरुको जवाफ दिनुभएको थियो । नेपालले Formalization को सन्दर्भमा अपनाएको Tripartite Participation र Integrated Approach ज्यादै महत्वपूर्ण भएको भन्नुहुँदै Diagnostic Report बाट शुरुभएको सबै पक्षको सहभागितामूलक योगदान कार्ययोजना बनाई त्यो लागु गर्नुका अतिरिक्त यसको कार्यान्वयनमा समेत समन्वय गरिदै आएको बताउनुभएको थियो ।

चार दिनसम्म चलेको यो वैठकमा श्रम व्यावस्थापन सम्बन्धमा विभिन्न विषयगत छलफल समेत भएको थियो । नेपाली प्रतिनिधिमण्डलबाट सबै विषयका सबै संवोधनमा निर्धारित रुपमा सहभागिता जनाएको र ती विषयहरु देहाय बमोजिम रहेका थिए ।

१) Thematic Plenary session integrated policy agenda for a human centered recovery that is inclusive sustainable and resilient,

२) Thematic plenary session 1: Institutional framework to support transition towards town formality and decent work.

३) Special session 2: Strengthening multilateral co-operation to achieve social justice and decent work for all.

४) Thematic plenary session 3: Strong foundation for social and employment protection and resilience.

५) Thematic Plenary Session 4: Revitalizing productivity growth and skill for more and better jobs.

६) Special Session: Promotion and application of the ILO Tripartite Declaration of principles concerning Multinational Enterprises and Social Policy in Asia and pacific and the Arab States.

सह-सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेवसाइट: www.moless.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या:-
चलानी:-

उल्लिखित सबै Thematic session मा सहभागिता जनाउनुका अतिरिक्त सचिवज्यूले विभिन्न मित्रराष्ट्रबाट प्रतिनिधित्व गर्नुहुने विशिष्ट महानुभावहरुसँग बैठक गरी दुईपक्षीय र बहुपक्षीय महत्वपूर्ण विषयवस्तुमा देहाय बमोजिमको कुराकानी भएको थियो:

१) International Labor Organization का Asia and the Pacific Office, Thailand का Regional Director Ms. Chihoko Asuda Miyakawa सँग भेट गरी नेपालमा हालै थालनी गरिएका Social security Initiative, formalization, Capacity building for Employment service center Ethical Requirement Improvement for labor hospital, vocational training Improvement in labour administration का विषयमा कुराकानी हुनुका अतिरिक्त हालै नेपालले Initiate गरेको Formalization and Social Security सम्बन्धी Platform लाई ILO Regional office को तर्फबाट पनि सहयोग पुर्याउने सन्दर्भमा कुराकानी भएको थियो । Regional Director बाट नेपालको तर्फबाट शुरु गरिएका Initiatives को उच्च प्रसंशा गर्दै नेपालले यस बैठकमा पनि सबै पक्षलाई समेटेर Effective Tripartite Delegation बनाएकोमा प्रसंशा गर्नुभएको थियो ।

२) December 8, 2022 का दिन South Korea का Deputy Minister for Employment- Park Jonqpill र उहाँको टिमसँग वैठक गर्नुभई नेपालबाट नियमित रुपमा EPS System मार्फत पठाइएका कामदार, तथा तिनीहरुलाई Social Security System मा आवद्ध गर्नुपर्ने विषय, नेपाल र दक्षिण कोरिया सरकार बीच भएको श्रम सम्झौता (EPS) मा नवीकरण गर्ने विषय, नेपालमा वन्दै गरेको Human Resource Central को समुदघाटन, EPS लाई आगामी आर्थिक बर्षका लागि नेपालबाट पठाउने कामदार संख्या निर्धारण, कोरियामा जाने मौषमी रोजगारको समस्याहरुका विषयमा कुरा गर्नुभएको थियो भने कोरिया सरकारबाट आगामी बर्ष EPS प्रणालीमार्फत करिब ४०,००० नेपालीलाई दक्षिण कोरिया लैजाने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

३) त्यसैगरी December 8, 2022 को साँझ साउदी अरेवियाका Vice Minister of Labor policy र उहाँको टिमसँग बैठक भएको थियो । यस बैठकमा सिलसिलामा साउदी अरेवियासँग श्रम सम्झौता गर्ने, साउदी अरेवियामा नेपाली कामदारहरुले Decent Work को अपेक्षाकृत वातावरण नपाएको विषय Fair Requirement का अतिरिक्त साउदी अरेवियामा भएका Recruitment company ले कामदारहरुलाई समस्यामा पारिरहेको पाइएको विषयमा कुराकानी भएको । सो कुराकानीका सिलसिलामा साउदी

सह-सचिव

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः-
चलानीः-

अरेबिया सरकारले श्रम कानुनमा सुधार गरी कफाला प्रणाली खारेज गरिसकेको, कुनै कामदारले काम छाडेको ६० दिनभित्र आफ्नो मुलुकमा फिर्ता जान सक्ने व्यवस्था गरिएको जानकारी गराएको थियो

४) December 9, 2022 का दिन संयुक्त अरब इमिरेट्स (UAE) का Assistant Under Secretary For Communication and International Relation Mr. AL Awadhi Shyma र उहाँको टिमसँग Sideline Meeting गर्नुभएको थियो । सो भेटका अवसरमा UAE मा कार्यरत नेपाली कामदारहरुका समस्या, श्रम सम्झौता नवीकरण गर्ने विषय, दुईपक्षीय Technical Committee मा पेश भएका Agenda को कार्यान्वयन र घरेलु कामदारको विषयमा कुराकानी भएको थियो । छलफलका क्रममा उहाँले UAE सरकारले कफला व्यवस्था खारेज गरेपछि श्रम शोषण अन्त्य भएको श्रम कानुनमा समेत समसामयिक सुधार भएका कारण आगामी दिनमा कसैले पनि ठगिनु नपर्ने बताउनुभएको ।

यसैगरी सचिवज्यूबाट अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक, सिङ्गापुर सरकारका Minister of Manpower Mr. Tan See Leng, एवं विभिन्न मुलुकहरुबाट पाल्नुभएका मन्त्रीहरु, सचिवहरु र अन्य सहभागीहरुसँग छलफल गरी आपसी सम्बन्धका विषयमा कुराकानी गर्नुभएको थियो । लगातार ४ दिनसम्म चलेको यो वैठकमा Integrated Approach, Tripartite participation, Sustainability, Formalization, Industrial relations, Social Securities, occupational Health system, Child Labour, Social partner सँगको सम्बन्ध Human Centric recovery, Inclusiveness, Resilient formality, Decent work, Social Justice, Multilateral cooperation, Employment Protection, Multinational Enterprises Role of ILO in future Industrial relations जस्ता विषयमा श्रमिक, रोजगारदाता र सरकारको तर्फबाट विभिन्न सदस्यराष्ट्रहरुका अनुभवका विषयमा व्यापक छलफल भएको थियो । १९ देशका मन्त्रीहरुको र अन्य विभिन्न ३०० भन्दा बढी प्रतिनिधिहरुको सहभागितामा सञ्चालित कार्यक्रम सम्पुर्ण सुझावहरु समेटिएको Regional Director को प्रतिवेदन र Singapore Statement पारित गर्दै सम्पन्न भयो। बैठकको उदघाटन सिंगापुरकी महामहिम राष्ट्रपति Ms. Halimah Yacob द्वारा गरिएको थियो भने समापन कार्यक्रमको अध्यक्ष तथा सिंगापुरका जनशक्ति मन्त्रीले गर्नुभएको थियो ।

उल्लेखित Asia Pacific Regional बैठकबाट पारित बिषयवस्तुलाई नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट यस क्षेत्रमा तर्जुमा हुने नीति निर्माणमा पृष्ठपोषण हुने र विभिन्न मुलुकहरुसँग भएका श्रम सम्बन्धी छलफलबाट द्विपक्षीय श्रम सम्बन्धमा सकारात्मक प्रभाव पार्ने देखिएको छ ।

डण्डुराज घिमिरे
सहसचिव/प्रवक्ता